# त्रिभुवन विश्वविद्यालय
# शिक्षाशास्त्र सङ्काय डीनको कार्यालय
# ग्राजुएट स्कुल अफ एजुकेसन

## M. Phil Course Structure, Admission Eligibility and Fee Structure

### M. Phil. Course Structure

| Name of the courses | Credit hours |
|---|---|
| **First semester Courses** | |
| Theories and Philosophies of Education | 3 |
| Advanced Qualitative Research | 3 |
| Advanced Quantitative Research | 3 |
| Academic Writing | 3 |
| Fundamentals of Education (for non-education background students) | 3 |
| **Second semester Courses** | |
| Specialized course I | 3 |
| Specialized course II | 3 |
| Specialized course III | 3 |
| Specialized course IV | 3 |
| M. Phil. Dissertation | 8 |

### कार्यक्रमको ढाँचा तथा समयावधि

- एम. फिल. अनलाइन Blended कार्यक्रमको समयावधि तीन सेमेस्टरको हुनेछ भने विद्यावारिधिको अवधि न्यूनतम ४ सेमेस्टर र बढीमा ८ सेमेस्टरसम्मको हुनेछ। एम.फिल.प्रत्यक्ष र अनलाइन Blended दुबै कार्यक्रमका विद्यार्थीको न्यूनतम ८०% उपस्थिति हुनुपर्नेछ।
- एम.फिल.को पाठ्यांश कार्य (Course Work) को पाठ्यभार र संरचना प्राज्ञिक परिषद्द्वारा तोकिए बमोजिम हुनेछ। हाललाई न्यूनतम दुई सेमेस्टरमा २४ क्रेडिट आवरको पाठ्यांश कार्य हुनेछ। अन्य सङ्कायबाट स्नातकोत्तर तह उत्तीर्ण गरेका विद्यार्थीहरूले ३ क्रेडिट आवर शिक्षाशास्त्रसँग सम्बन्धित अतिरिक्त पाठ्यांश अध्ययन गर्नु पर्नेछ।

- एम.फिल.को शोधकार्य (Research Work): पाठ्याश कार्यक्रममा भर्ना भई २४ क्रेडिट आवरको पाठ्यांशमा 'बि' वा सोभन्दा माथिको ग्रेडमा उत्तीर्ण गरेकाले पनि एम.फिल.को उपाधि लिन चाहेमा तेस्रो सेमेस्टरमा एम.फिल.को शोधप्रबन्ध तयार गर्न पाउनेछ। पाठ्यांश कार्यक्रममा भर्ना भई २४ क्रेडिट आवरको पाठ्यांशमा 'बि' ग्रेडभन्दा तल प्राप्त गरेमा अनिवार्य रूपमा एम.फिल.को शोधकार्य पूरा गर्नु पर्नेछ। तेस्रो सेमेस्टरको अन्तसम्ममा पनि शोधप्रबन्ध तयार गर्न नसकेको खण्डमा एम.फिल. मा भर्ना भएको मितिले ३ वर्षभित्र शोधप्रबन्ध पेस गर्नु पर्नेछ।

## एम. फिल.मा भर्ना योग्यता

क) त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर (एम.एड.) तह उत्तीर्ण गरेका वा सो सरह ग्रेड प्वाईन्ट प्राप्त गरेका,

वा

त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र बाहेकका कुनै पनि विषयमा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर तह उत्तीर्ण वा सो सरह ग्रेड प्वाईन्ट प्राप्त गरी शिक्षण वा अनुसन्धान क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेका। विषय विशिष्टीकरणमा योग्य हुनका लागि सम्बन्धित विषय समितिले तोकेको योग्यता पनि पूरा गरेको हुनुपर्नेछ।

ख) भर्नाका लागि निवेदकले तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ।

## एम. फिल.मा नाम दर्ता

शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयले स्नातकोत्तर तह उत्तीर्ण गरेकाहरूलाई एकीकृत एम. फिल.- पिएच्.डी.मा भर्ना लिनका लागि सञ्चालन गरेको प्रवेश परीक्षामा उत्तीर्ण भएका र मेरिटको आधारमा छनोटमा परेका विद्यार्थीहरूले डीनको कार्यालयले निर्धारण गरेको शुल्क बुझाएर एम. फिल. कार्यक्रममा अस्थाई नाम दर्ता गर्नु पर्नेछ।

**विषयगत रुपमा एम.फिल तहमा भर्ना हुनका लागि योग्यता**

**क) शिक्षा अध्ययन (Education Studies)**

त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर (एम.एड.) तह उत्तीर्ण गरेका,

वा

त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र बाहेकका कुनै पनि विषयमा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर तह उत्तीर्ण गरी शिक्षण वा अनुसन्धान क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेका ।

**विषय विशिष्टीकरणमा भर्ना हुनका लागि योग्यता**

**ख) अङ्ग्रेजी शिक्षा (English Education)**

अङ्ग्रेजी शिक्षामा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर (एम.एड.) तह उत्तीर्ण गरेका ।

**ग) गणित शिक्षा (Mathematics Education)**

गणित शिक्षामा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर (एम.एड.) तह उत्तीर्ण गरेका ।

**घ) स्वास्थ्य शिक्षा (Health Education)**

स्वास्थ्य शिक्षा विषयहरूमा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर तह उत्तीर्ण गरेका –

M. Ed. in Health Education, M. Ed. in Physical Education, M. Ed. in Population Education, Master in Public Health, M. Sc. in Biology, M. Sc. in Nursing, M. Sc. in Environment Science

**ङ) नेपाली शिक्षा (Nepali Education)**

नेपाली शिक्षामा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर (एम.एड.) तह उत्तीर्ण गरेका ।

**च) सामाजिक अध्ययन (Social Studies)**

सामाजिक शिक्षा विषयसँग सम्बन्धित विशिष्टीकरण विषयमा एम.एड. उत्तीर्ण गरेको हुनु पर्नेछ ।

वा

भुगोल शिक्षा, अर्थशास्त्र शिक्षा, राजनिती शास्त्र शिक्षा, इतिहास शिक्षा, जनसङ्ख्या शिक्षा, स्वास्थ्य शिक्षा, शिक्षा योजना र व्यवस्थापन र पाठ्यक्रम तथा मूल्याङ्कन विषयमा न्यूनतम द्वितीय श्रेणीमा  वा 'बि' ग्रेडमा एम.एड उत्तीर्ण गरी शिक्षण वा अनुसन्धान क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेका ।

वा

शिक्षाशास्त्र बाहेकका भुगोल, अर्थशास्त्र, राजनिती शास्त्र, इतिहास, जनसङ्ख्या अध्ययन, संस्कृती, ग्रामिण विकास, समाजशाास्त्र, मानवशास्त्र र मनोविज्ञान विषयमा न्यूनतम द्वितीय श्रेणीमा  वा 'बि' ग्रेडमा स्नातकोत्तर तह उत्तीर्ण गरी शिक्षण वा अनुसन्धान क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेका ।

**छ) समावेशी शिक्षा (Inclusive Education)**

अ) त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर (एम.एड.) तह उत्तीर्ण गरेका,

वा

आ)  त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र बाहेकका कुनै पनि विषयमा न्यूनतम द्वितीय श्रेणीमा  वा 'बि' ग्रेडमा स्नातकोत्तर तह उत्तीर्ण गरी शिक्षण वा अनुसन्धान क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेका ।

**ज) शारीरिक शिक्षा (Physical Education )**

शारीरिक शिक्षा विषयसँग सम्बन्धित विशिष्टीकरण विषयमा एम.एड. उत्तीर्ण गरेको हुनु पर्नेछ ।

**झ) विज्ञान शिक्षा (Science Education)**

विज्ञान शिक्षा विषयसँग सम्बन्धित विशिष्टीकरण विषयमा एम.एड. उत्तीर्ण गरेको हुनु पर्नेछ ।

वा

शिक्षाशास्त्र बाहेकका विज्ञान विषयसँग सम्बन्धित विशिष्टीकरण विषयमा न्यूनतम द्वितीय श्रेणीमा  वा 'बि' ग्रेडमा एम.एस्सी उत्तीर्ण गरी शिक्षण वा अनुसन्धान क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेका ।

**एम.फिल. प्रत्यक्ष तथा अनलाइन (Blended Mode) कार्यक्रम शुल्क विवरण**

क) प्रवेश आवेदन शुल्क रु. १,५००/-

ख) प्रवेश परीक्षा शुल्क र कृति तथा प्रस्ताव मूल्याङ्कन शुल्क रु. ५,०००/-

ग) भर्ना शुल्क रु. १०,०००/-

घ) सेमेष्टर शुल्क रु. ६०,०००/- (रु. ६०,०००/-X ३ पटक)

ङ) ३ सेमेष्टरको अवधि सकिएपछि एम.फिल. पाठ्यांशहरू पूरा गर्न नसकेका विद्यार्थीहरूका लागि थप शुल्क : पहिलो ६ महिना रु. ५,०००/-, दोश्रो ६ महिना रु. १०,०००/- तथा तेस्रो/अन्तिम ६ महिना रु. १५,०००/- हुनेछ।

च) पाठ्यांशमा उल्लेखित असाइनमेन्ट बिलम्ब शुल्क प्रति असाइनमेन्ट शुल्क रु. १,०००/- र प्रति पाठ्यांशको लिखित परीक्षा बिलम्ब शुल्क रु. ३,०००/- हुनेछ।

छ) एम.फिल. अनलाइन मिश्रित पद्धति बाट एम.फिल.प्रत्यक्षमा वा प्रत्यक्षबाट अनलाइन मिश्रीत कार्यक्रममा क्रेडिट ट्रान्सफर गरेर आउने विद्यार्थीहरूलाई क्रेडिट ट्रान्सफर शुल्क रु. ५,०००/- लाग्नेछ। क्रेडिट ट्रान्सफर पश्चात् एम.फिल.को जुन कार्यक्रममा स्थानान्तरण भएको हो त्यसपछि त्यसै अनुसारको शुल्कहरू लाग्नेछन्। विशेष परिस्थितिमा डीनको कार्यालय अथवा ग्राजुएट स्कूल अफ एजुकेसनले तोके अनुसार नै हुनेछ।

**नोटः** प्रवेश आवेदन शुल्क रु. १५००/- र कृति तथा प्रस्ताव मूल्याङ्कन तथा अन्तरवार्ता शुल्क रु. ५,०००/- शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयको नाममा नेपाल बैक लिमिटेड कीर्तिपुर शाखाको **च.हि.नं ०४५००१०००९९०४३००००१** मा जम्मा गरी सो को भौचर शि.शा.सं डीनको कार्यालयको लेखा शाखामा बुझाई सो को रसिद सहित प्रवेश आवेदन फाराम लिन र बुझाउन हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ।